# विजय सामुदायिक शिक्षा सदन

गैँडाकोट-५, नवलपरासीको

## खुल्ला प्रतिस्पर्धाद्वारा शैक्षिक सत्र २०७४ का लागि

## छात्रवृत्ति परीक्षा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७३/१२/११ गते

विजय सामुदायिक शिक्षा सदन गैँडाकोट नवलपरासीको विपन्न एवम् जेहेन्दार बालबालिकाहरुलाई छात्रवृत्ति कार्यक्रम अन्तर्गत नि:शुल्क वा सहुलियत शुल्कमा कक्षा ५ , ६, ७ र ८ देखि अध्ययनका लागि विभिन्न विद्यालयमा नियमितरुपमा अध्ययन गरिरहेका छात्र छात्रामध्ये बाट खुला प्रतियोगिता गराई छात्रवृत्ति छनौट गर्नु पर्ने भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरी इच्छुक व्यक्तिहरुबाट आवेदन माग गरिएको छ।

१. **परीक्षा मिति र समय** : २०७४ वैशाख ६ गते बुधबार बिहान ११:00 बजे ।

२.**परीक्षा केन्द्र** : विजय सामुदायिक शिक्षा सदन गैँडाकोट-५, नवलपरासी ।

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता:** विद्यार्थीले कम्तीमा २ वर्ष अगाडिदेखि नेपालका कुनै पनि विद्यालमा नियमित रुपमा अध्ययन गरी शैक्षिक सत्रमा २०७३ मा कक्षा ४, ५ , ६ वा ७ मा अध्ययन गरेको हुनु पर्ने छ । आफू पढी रहेके कक्षाको पछिल्लो परीक्षामा घटिमा ८० प्रतिशत अंक वा ग्रेड A ल्याई उत्तिर्ण भएको हुनु पर्ने छ ।

४. **उमेरः** क. कक्षा ५ को लागि : ११ वर्ष ननाघेको । ख. कक्षा ६ को लागि : १२ वर्ष ननाघेको ।
ग. कक्षा ७ को लागि : १३ वर्ष ननाघेको । घ. कक्षा ८ को लागि : १५ वर्ष ननाघेको ।

५. **परीक्षाको पाठ्यक्रम, विषय , अङ्कभार र उत्तिर्ण** : अघिल्ला २ वटा कक्षाको पाठ्यक्रमका आधारमा नेपाली गणित, अङ्ग्रेजी, विज्ञान र सामाजिक विषयमा आधारित ८/८ अङ्कको वस्तुगत र १२ /१२ अङ्कको विषयगत गरी कुल १०० पूर्णाङ्कको प्रश्नहरु सोधिने छन् । प्रवेश परीक्षाको उर्त्तीर्णाङ्क ४० हुने छ ।

६.**दरखास्त फारम** : वेवसाइट : www.vsss.edu.np वा विद्यालयबाट प्राप्त गर्न सकिने छ । उक्त फारमलाई रीतपूर्वक भरेर परीक्षाकेन्द्रमा २०७४ वैशाख ५ गते मंगलबार बेलुका ४: ०० बजे भित्र बुझाउनु पर्ने छ ।

७. **उम्मेदवारले पेश गर्नुपर्ने कागजात/सामग्रीहरुः**

क. रीतपूर्वक भरिएको दरखास्त फारम ।
ख. स्थानीय पंजिककाधिकारीले प्रदान गरेको विद्यार्थीको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
ग. आधिकारीक निकायबाट विद्यार्थीसँगको नाता खुलाईएको प्रमाणसहित हजुबबुवा, अजुरआमा, बाबु, आमा, दाजु, दिदी वा संरक्षक मध्ये कुनै एकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
घ. अध्ययनरत कक्षाको विद्यालयले लिने पछिल्लो परीक्षाको मार्कशिट प्रतिलिपि ।
ङ् हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको २ प्रति फोटो ।
च. आवेदन दस्तुर रु १०० । (एक सय मात्र)

८.**छात्रवृत्ति निर्धारणका आधारहरु :**

१.छनौट परीक्षामा निश्चित शैक्षिक उपलब्धि हासिल गर्न समक्ष तर आर्थिक रुपले विपन्न जेहेन्दार छात्र छात्रामध्ये विभिन्न भौगोलिक क्षेत्र तथा लक्षित समुदायिकबाट (लोपोन्मुख/दलित/मुस्लिम/ सहिद वा बेपत्त परिवार/ जनजाति/ पिछाडिएको क्षेत्र / महिला) पनि प्रतिनिधित्व सुनिश्चित हुने गरी छात्रवृत्ति छनौट हुने छ ।
२. माथि बुँदा नं. ३ र ४ मा तोकिएका न्युनतम योग्यता पुगी लिखित परीक्षामा उत्तिर्ण विद्यार्थी मात्र छनौटका लागि योग्य हुनेछन् ।
३. विजय सामुदायिक शिक्षा सदन छात्रवृत्ति कार्यक्रम अन्तर्गत निशुल्क पढ्नका लागि जम्मा २० जना विद्यार्थी मात्र छनौट गरिने छ ।

९. **नतिजा प्रकाश सम्बन्धी:** छनौट भएका तथा वैकल्पिक सूची / परेका विद्यार्थीहरुको नाम र ठेगाना सहितको सूचि विजय सामुदायिक शिक्षा सदनको वेभसाइट र सूचना पाटीमा प्रकाशन गरिने छ ।

१०. **परीक्षा सम्बन्धी अन्य जानकारी :**

१. म्याद नाघी आएको वा रीत नपुगेको वा निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात संलग्न नभएको वा झुट्टा विवरण दिइएको दरखास्त फारम जुनसुकै बखत रद्द गर्न सकिने छ ।

२. परीक्षा दिन आउँदा प्रवेश पत्र साथमा अनिवार्य हुनु पर्ने छ ।

३. तोकिएको समय भित्र परीक्षा दिन आइ पुग्नु पर्ने छ ।

छात्रवृत्ति छनौट समिति

**विजय सामुदायिक शिक्षा सदन**

गैँडाकोट-५, नवलपरासी

सम्पर्कः ०७८-५०२९४०,५०११९४,९८५५०५१६३३